# प्रदेश राजपत्र

लुम्बिनी प्रदेश सरकारद्वारा प्रकाशित

खण्ड ७) राप्ती उपत्यका (देउखुरी), नेपाल, पुष ६ गते, २०८० साल (अतिरिक्ताङ्क २३

## भाग ३

## लुम्बिनी प्रदेश सरकार

## मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको सूचना

लुम्बिनी प्रदेश सरकार, मन्त्रिपरिषद्को मिति २०८०/०९/०६ को बैठकको निर्णयानुसार “प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९” को अनुसूची १ र २ हेरफेर भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशन गरिएको छ ।

## प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ को अनुसूची हेरफेर

प्रदेश सरकार (कार्य विभाजन) नियमावली, २०७९ को नियम ६ ले समेत दिएको अधिकार प्रयोग गरी प्रदेश सरकारले उक्त नियमावलीको अनुसूची -१ र अनुसूची -२ मा देहाय बमोजिम हेरफेर गरेको छ ।

### अनुसूची-१

**( नियम ३ संग सम्बन्धित )**

**प्रदेशमा रहने मन्त्रालयहरु**

| क्र.सं. | मन्त्रालयको नाम |
|---|---|
| १. | मुख्यमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय |
| २. | अर्थ मन्त्रालय |
| ३. | गृह मन्त्रालय |
| ४. | उद्योग तथा यातायात व्यवस्था मन्त्रालय |
| ५. | कृषि तथा भूमि व्यवस्था मन्त्रालय |
| ६. | भौतिक पूर्वाधार विकास मन्त्रालय |
| ७. | वन, वातावरण, पर्यटन तथा खानेपानी मन्त्रालय |
| ८. | शहरी विकास मन्त्रालय |
| ९. | सामाजिक विकास मन्त्रालय |
| १०. | स्वास्थ्य मन्त्रालय |

# अनुसूची-२

## ( नियम ४ संग सम्बन्धित )

## प्रदेशमा रहने मन्त्रालयहरुको कार्य जिम्मेवारी

| क्र.सं. | हेरफेर गरिएको मन्त्रालय तथा कार्य जिम्मेवारीको विवरण | कैफियत |
|---|---|---|
| १. | *उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालय*को कार्य जिम्मेवारीको सि.नं. ३२ देखि ३७ तथा ३९ देखि ४५ सम्मको कार्य जिम्मेवारी हटाउने र मन्त्रालयको नाम *उद्योग तथा यातायात व्यवस्था मन्त्रालय* कायम गरी सि.नं.को क्रम मिलाउने । | |
| २. | साविकको *खानेपानी, ग्रामीण तथा शहरी विकास मन्त्रालय*को कार्य जिम्मेवारीको सि.नं. ४ देखि १० सम्मका देहायका कार्य जिम्मेवारी सहित *शहरी विकास मन्त्रालय* कायम गर्ने :-<br>१. प्रदेश स्तरमा शहरी विकास सम्बन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन<br>२. प्रदेशस्तरका सरकारी कार्यालयहरुको भौतिक व्यवस्थापन र निर्माण सम्बन्धी नीति, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन<br>३. प्रदेश भित्रको शहरी विकास योजना तर्जुमा, सहरी पूर्वाधार निर्माण, सञ्चालन, मर्मत संभार र आवास तथा भवन सम्बन्धी योजनाहरुको कार्यान्वयन र मार्ग निर्देशन<br>४. प्रदेशस्तरमा राष्ट्रिय भवन संहिताको कार्यान्वयन र नियमन तथा प्रदेशभित्र उपयुक्त भवन निर्माण प्रविधिको प्रवर्द्धन<br>५. प्रादेशिक शहरको विकास, योजना तर्जुमा, कार्यान्वयन, | |

| | | |
|---|---|---|
| | संयोजन र पूर्वाधार निर्माण<br>६. सुरक्षित बसोवास र जग्गा एकीकरण सम्बन्धी नीति तर्जुमा र कार्यान्वयन<br>७. बस्ती स्थानान्तरण सम्बन्धी नीति, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन<br>८. लोपोन्मुख, सीमान्तकृत, गरिब, जेष्ठ नागरिक लक्षित आवास सम्बन्धी नीति, मापदण्ड तथा योजना तर्जुमा र कार्यान्वयन । | |
| ३. | साविकको *वन तथा वातावरण मन्त्रालयको* सबै कार्य जिम्मेवारी, साविकको *खानेपानी, ग्रामीण तथा शहरी विकास मन्त्रालय*को कार्य जिम्मेवारीको सि.नं. १ देखि ३ सम्म र साविकको *उद्योग, पर्यटन तथा यातायात व्यवस्था मन्त्रालयको कार्य जिम्मेवारीको* सि.नं. ३२ देखि ४५ सम्मका देहायका कार्य जिम्मेवारी सहित *वन, वातावरण, पर्यटन तथा खानेपानी मन्त्रालय* कायम गर्ने :-<br>१. प्रदेशस्तरमा वन र वन क्षेत्र सम्बन्धी नीति, कानून, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन<br>२. वन्यजन्तु र वन पैदावार ओसारपसार सम्वन्धी नियमन र अपराध नियन्त्रण<br>३. वन, वनस्पति, वन्यजन्तु र जैविक विविधता सम्बन्धी प्रादेशिक सङ्ग्रहालय व्यवस्थापन<br>४. प्रदेशस्तरमा संरक्षण क्षेत्र र चरन क्षेत्रको व्यवस्थापन<br>५. हात्तीसार तथा चिडियाखानाको व्यवस्थापन<br>६. जडिबुटी खेती प्रविधि प्रर्वद्धन, विस्तार तथा बजारीकरण सम्बन्धी नीति तथा कानून तर्जुमा तथा कार्यान्वयन र नियमन, अध्ययन अनुसन्धान तथा तथ्याङ्क संकलन | |

| | | |
|---|---|---|
| | ७. वन तथा वातावरण सम्बन्धी विषयमा प्राविधिक सूचना तथा सेवा प्रबाह | |
| | ८. वन अतिक्रमण तथा वन डढेलो नियन्त्रण तथा रोकथाम सम्बन्धी नीति, समन्वय र सहयोग | |
| | ९. प्रदेशस्तरका वनस्पति उद्यान तथा हर्वेरीयमहरुको व्यवस्थापन र वनस्पति पहिचान तथा अभिलेखीकरण सम्वन्धी नीति र व्यवस्थापन | |
| | १०. प्रदेशस्तरमा जैविक विविधताको अध्ययन, अनुसन्धान, व्यवस्थापन, नियमन, संरक्षण एवं लाभांश बाँडफाँड | |
| | ११. प्रदेशस्तरमा जलाधार संरक्षण नीति, प्रविधि विकास, व्यवस्थापन र कार्यान्वयन | |
| | १२. प्रदेशभित्र भूस्खलन नियन्त्रण | |
| | १३. प्रदेशस्तरमा वातावरणीय संरक्षण तथा स्वच्छता सम्बन्धी प्रविधि विकास र व्यवस्थापन | |
| | १४. प्रदेशस्तरमा वातावरण सम्बन्धी नीति, कानून, मापदण्ड, योजना तर्जुमा, कार्यान्वयन र नियमन | |
| | १५. प्रदेशस्तरमा वातावरणीय सूचना प्रणालीको स्थापना | |
| | १६. प्रदेशस्तरमा वातावरणीय जोखिमका लागि तयारी तथा उद्धार | |
| | १७. प्रदेशस्तरमा वातावरणीय प्रयोगशालाको स्थापना, सञ्चालन र व्यवस्थापन | |
| | १८. प्रदेशस्तरमा ठोस, वायु, तरल, जल, ध्वनि तथा विद्युतीय लगायत प्रदुषणको मापदण्ड निर्धारण, कार्यान्वयन, अनुगमन र नियन्त्रण | |
| | १९. खानेपानी, ध्वनि र हावाको गुणस्तर अनुगमन तथा | |

| | | |
|---|---|---|
| | लेखाजोखाको ढाँचा निर्माण एवं गुणस्तरको मापदण्ड निर्धारण र कार्यान्वयन | |
| | २०. प्रदेशस्तरमा न्यून कार्वनमुखी तथा वातावरणमैत्री विकास प्रक्रिया र हरित क्षेत्र प्रवर्द्धन | |
| | २१. प्रदेशस्तरमा वातावरणीय संरक्षण क्षेत्र तथा प्राकृतिक सम्पदाको संरक्षण र संवर्द्धन | |
| | २२. प्रदेशभित्र वातावरणीय क्षेत्रको अध्ययन, अनुसन्धान, क्षमता अभिवृद्धि, वातावरणीय सुशासन तथा परीक्षण | |
| | २३. भूपरिधि क्षेत्र तथा वन क्षेत्रको पहिचान, वर्गीकरण, संरक्षण र व्यवस्थापन | |
| | २४. संरक्षण क्षेत्र पहिचान र व्यवस्थापकीय पद्धति निर्धारण | |
| | २५. प्रदेशमा पर्यापर्यटनको विकास सम्बन्धी योजना तर्जुमा र कार्यान्वयन | |
| | २६. अन्तरप्रदेशीय नदी उकास तथा सडक किनार वृक्षारोपण व्यवस्थापन | |
| | २७. वृक्षारोपणको लागि दिगो तथा गुणस्तरीय बीउ उत्पादन, बीउबगैंचा स्थापना र व्यवस्थापन | |
| | २८. प्रदेशभित्र वृक्षारोपण तथा सम्भार सम्वन्धी नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन | |
| | २९. प्रदेशभित्र जडिबुटी तथा अन्य गैरकाष्ठ वन पैदावार सम्बन्धी व्यवस्थापन | |
| | ३०. वन्यजन्तु र चराचुरुङ्गी सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन | |
| | ३१. प्रादेशिक पर्यटन विकास सम्बन्धी नीति, कानून, मापदण्ड र योजना तर्जुमा, कार्यान्वयन र नियमन | |

| | | |
|---|---|---|
| | ३२. प्रादेशिक पर्यटन विकास सम्बन्धी पुर्वाधारको विकास र निर्माण<br>३३. संघीय कानून बमोजिम क्यासिनो तथा चिठ्ठा दर्ता, अनुमति र नियमन सम्बन्धी<br>३४. पर्यटकीय होटल, रिसोर्ट, लज, ट्राभल तथा ट्रेकिङ्ग एजेन्सी, गाईड, र्‍याफ्टिङ्ग आदिको दर्ता, अनुमति, नवीकरण र नियमन<br>३५. प्रदेशमा पर्यटन प्रवर्द्धन<br>३६. पर्यटक सुरक्षा व्यवस्थापन<br>३७. संस्कृति विकास सम्वन्धी नीति, कानून तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन<br>३८. विश्व सम्पदा सूचीमा परेका स्मारक र पुरातात्विक महत्वका स्थल सम्बन्धी<br>३९. भाषा, लिपि, संस्कृति, ललितकला र धर्मको संरक्षण र प्रयोग सम्वन्धी प्रादेशिक नीति, मापदण्ड तथा योजना तर्जुमा, कार्यान्वयन र नियमन<br>४०. ऐतिहासिक, धार्मिक एवं साँस्कृतिक कला र वास्तु कलात्मक दृष्टिकोणले महत्त्व बोकेका प्रदेशस्तरका दरवारहरुको संरक्षण, सम्भार, अध्ययन, अनुसन्धान तथा व्यवस्थापन<br>४१. प्रदेशस्तरका पुरातात्विक महत्त्वका स्थल, ऐतिहासिक र धार्मिक सांस्कृतिक सम्पदा, प्राचिन स्मारक, संग्रहालय, साँस्कृतिक धरोहर संरक्षण, सम्भार तथा पुनर्निर्माण सम्वन्धी नीति, मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन एवं अध्ययन, अनुसन्धान तथा उत्खनन | |

| | | |
|---|---|---|
| | ४२. धर्म, परम्परा र गुठी अन्तर्गत चलिआएका विभिन्न जात्रा, पर्वहरुको सञ्चालन र व्यवस्थापन<br>४३. प्रदेश स्तरमा संग्रहालय सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन एवम् प्रदेशस्तरमा संग्रहालयको स्थापना, सञ्चालन तथा व्यवस्थापन<br>४४. प्रदेशस्तरको खानेपानी, सरसफाइ तथा स्वच्छता सम्बन्धी प्रादेशिक नीति, कानून तथा मापदण्ड तर्जुमा र कार्यान्वयन, सेवाको शुल्क निर्धारण, योजना, आयोजना कार्यान्वयन तथा सञ्चालन, संभार र नियमन<br>४५. खानेपानी तथा सरसफाइ सेवा विस्तारमा निजी क्षेत्रको सहभागिता प्रवर्द्धन सम्बन्धी नीति तथा मापदण्ड तर्जुमा, कार्यान्वयन र नियमन<br>४६. सर्वसाधारणलाइ स्वच्छ खानेपानीको उपलब्धता र खानेपानी, सरसफाइ तथा स्वच्छतामा पिछडिएका वर्गको पहुँच सुनिश्चितता । | |
| ४. | अनुसूची-२ को विभिन्न स्थानमा उल्लिखित सि.नं. को सट्टा क्र.सं. कायम गर्ने । | |

**आज्ञाले,**
**सुमन घिमिरे**
**प्रदेश सचिव**



प्रकाशनः लुम्बिनी प्रदेश सरकार, गृह मन्त्रालय